नेपाल सरकार

**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

गुणस्तर मापन तथा नियमन महाशाखा

( : ०१-४२५४०५१
website : www.mohp.gov.np

आ.व. २०८२/८३/३/गु.मा.नि.
च.नं. ६१५

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति: २०८३।०३।४

**विषय: Free Health Portal संचालन सम्वन्धमा।**

श्री सवै सरकारी प्रतिष्ठान/अस्पतालहरु।
श्री सवै निजी मेडिकल कलेज/अस्पतालहरु।
श्री सवै सामुदायिक अस्पतालहरु।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको च.नं. सु.प्र.।५३४।३५६० मिति २०८२।१२।२० को पत्रवाट नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ गतेको बैठकवाट स्वीकृत शासकीय सुधार सम्वन्धी एक सय कार्यसूचिको वुदा नं. ८५ (क) मा उल्लेख भए वमोजिम यस मन्त्रालयले विपन्न, असहाय तथा वेवारिसे विरामीहरुको निःशुल्क उपचारको प्रवन्ध गर्नको लागि **Free Health Portal** विकास गरी संचालनमा ल्याएको छ। उक्त **Free Health Portal (freehealth.mohp.gov.np)** मा सवै अस्पतालहरुले अनिवार्य रुपमा निःशुल्क शैया र उपचार गराएको विरामीहरुको Real Time विवरण नियमित अध्यावधिक गर्नको साथै यस मन्त्रालयवाट जारी भएको **लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (संञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को दफा ८ (घ) मा अस्पतालहरुले आफ्नो मुख्य प्रवेशद्धार र प्रस्थान बिन्दुमा दैनिक रुपमा निःशुल्क शैयाको उपलब्धता र सेवाको विवरण देखिने गरी डिजिटल वा भौतिक सूचना बोर्ड राख्नुपर्नेछ। सो वोर्डमा उजुरी दर्ताका लागि पोर्टलको QR Code र वेब ठेगाना (https://freehealth.mohp.gov.np) समेत अनिवार्य रुपमा प्रदर्शन गर्नुपर्नेछ** भन्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गरी सहज रुपमा विपन्न, असहाय तथा वेवारिसे विरामीहरुको उपचार व्यवस्था मिलाईदिनु हुन आदेशानुसार अनुरोध छ।

सुरज प्रकाश अर्याल
सूचना प्रविधि निर्देशक

CamScanner